म्यागङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ४ मितिः भाद्र २८, २०७९

भाग- २

म्यागङ गाउँपालिका

# वैवाहिक सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः भाद्र २८, २०७९

प्रमाणीकरण मितिः भाद्र २८, २०७९

**स्थानीय राजपत्रमा प्रकाशित मितिः** जेठ २, २०८०

# वैवाहिक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना**ः म्यागङ गाउँपालिकाको आ.व. २०७९/०८० को बजेट वक्तव्य चालु तर्फको शिर्षक नं. ५१ को बैवाहिक सहयोग कार्यक्रम सञ्चालनको लागि म्यागङ गा.पा. को प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ दफा ४ बमोजिम बनाउन वाञ्छनिय रहेको छ।

१ **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम वैवाहिक सहयोग कार्यक्रम सञ्चालन कार्यविधि २०७९ हुनेछ।

ख) यो कार्यविधि मिति २०७९ साउन १ देखि लागु हुनेछ।

२ **वैवाहिक सहयोग कार्यक्रम**

क) **कार्यक्रम**ः "कार्यक्रम" भन्नाले वैवाहिक सहयोग कार्यक्रमलाई बुझाइनेछ।

ख) **विवाह**ः २० वर्ष पुरा भई म्यागङ गा.पा. अन्तर्गतको मा.वि बाट १२ कक्षा पास गरेकी चेलीको सामाजिक परम्परा अनुसारको विवाहलाई सम्झनुपर्दछ।

ग) **सहयोग**ः विवाह गरिदिने परिवारलाई प्रति परिवार रु. १०,००० रकमको सहयोग गरिनेछ।

घ) **सहयोग लिन आवश्यक कागजातहरु**ः वैवाहिक सहयोग कार्यक्रम अन्तर्गत सहयोग लिन देहायका कागजातहरु पेश गर्नुपर्नेछ।

- वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउन ***अनुसुचि-1*** बमोजिमको ढाँचामा निवेदन
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- विवाह भएकी छोरीको जन्मदर्ता वा नागरिकताको फोटोकपी
- विवाह भएकी छोरीले १२ कक्षा पास गरेको प्रमाणपत्रको फोटोकपी
- दुलहा तर्फबाट विवाह दर्ता को प्रमाणपत्रको फोटोकपी (विवाह दर्ता विवाह भएको ३५ दिन भित्र भएको हुनुपर्छ)
- सहयोग पाउने अभिभावकको नाउँमा हिमालयन बैंकको खाता नं.
- प्रमाणित फोटोहरु

३ **संशोधन**ः यस कार्यविधिको पुरै वा केही अंश गाउँ कार्यपालिकाबाट संशोधन गर्न सकिनेछ।

अनुसुचि १

<u>वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउनका लागि दिने निवेदनको ढाँचा</u>

**श्रीमान गाउँपालिका अध्यक्ष ज्यू,**
**म्यागङ गाउँपालिका, नुवाकोट।**
**मार्फत**
**श्रीमान वडाअध्यक्ष ज्यू,**
**.......... नं. वडा कार्यालय**
**म्यागङ गाउँपालिका, नुवाकोट।**

**विषयः वैवाहिक सहयोग कार्यक्रमको सहयोग पाउन निवेदन।**

प्रस्तुत विषयमा जिल्ला नुवाकोट म्यागङ गाउँपालिका वडा नं. .......मा बस्ने .................. .................... को नाति .................................... को छोरा म ................................. ले आफ्नी छोरी ......................................... लाई ........... उमेरमा .......... कक्षा पुरा पढाई विवाह गरिदिएको हुँदा तहाँ पालिकाले यस आ.व. मा वैवाहिक सहयोग कार्यक्रम राखिएको बाट सहयोग पाउन यो निवेदन साथ आवश्यक कागजातहरु संलग्न राखी अनुरोध गर्दछु। साथै यसरी बिस वर्ष पुगी १२ कक्षा पुरा पढाई विवाह गरिने घर परिवारलाई वैवाहिक सहयोग गर्नुभएकोमा विशेष धन्यवाद।

**<u>निवेदक</u>**

**नाम थरः**
**ठेगानाः**
**ना.प्र.नं.ः**
**मितिः**